नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

## संस्थाका पेशागत सदस्यहरुलाई सूचीकृत नहुनको लागि जारी गरिएको सूचना !

मितिः २०८०/०६/१२

"नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था" नेपालमा लेखाव्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित एकमात्र स्वशासित नियमनकारी निकाय हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अर्न्तगत प्रचलित कानुन अनुसार लेखाव्यवसाय गर्नको लागि यस संस्थामा दर्ता भई कायम रहेका पेशागत प्रमाण पत्र प्राप्त सदस्यहरु मात्र योग्य रहने व्यवस्था छ ।

यसै सन्दर्भमा यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरु बाट सम्पादन गरिने लेखा, लेखापरीक्षण वा लेखाव्यवसायसँग सम्बन्धित कुनै पनि कार्य गर्न कुनै पनि निकायमा सूचीकरण गर्नु नपर्ने व्यवस्था रहेको छ । संस्थाका पेशागत सदस्यहरुले आफ्नो लेखाव्यवसायसँग सम्बन्धित सेवा प्रदान गर्नकै लागि शुल्क तिरी वा नतिरी कुनै निकायमा दर्ता वा सूचीकृत हुनुपर्ने भएमा लेखापरीक्षण कार्यको निश्पक्षता तथा स्वतन्त्रता माथि प्रश्नचिन्ह खडा हुन सक्ने तथा समग्र स्वतन्त्र लेखापरीक्षण व्यवसायप्रति नै अन्यौल सिर्जना हुन जाने भएको र पेशागत सदस्यहरुले लेखापरीक्षण वा अन्य लेखाव्यवसाय गर्नको लागि विभिन्न निकायमा सूचीकुत हुनु पर्ने व्यवस्था व्यवहारिक समेत नहुने स्पष्ट देखिन्छ ।

यसर्थ संस्थाका पेशागत सदस्यहरुले कुनै पनि प्रकारको शुल्क वा रकम तिरी वा नतिरी **"सूचीकृत"** भए गरेको पाईएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३, नेपाल चार्टड एकाउन्टेन्ट्स नियमावली २०६१ र लेखापरीक्षण सम्बन्धी आचार संहिताको पालना नगरेकोमा आवश्यक कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदै यस्तो कार्य नगर्नहुन पुनः यो सुचना प्रकाशित गरिएको छ । तर संस्थाका पेशागत सदस्यहरुले कुनै पनि प्रकारको शुल्क वा दस्तुर नतिरी सम्बन्धित निकायबाट लेखापरीक्षण वा अन्य लेखाव्यवसाय सम्बन्धी कार्यको लागि **"आशयपत्र"** माग भएमा आफ्नो प्रस्ताव पेश गर्न सक्नेछन्।

..............................
**सिए संजय कुमार सिन्हा**
**कार्यकारी निर्देशक**

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np